# लुङ्ग्री गाउँपालिकाको आर्थिक वर्ष

# २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम

## लुङ्ग्री गाउँ कार्यपालिकाको कार्यालय

## वडाचौर, रोल्पा

गाउँ सभामा प्रस्तुत मितिः २०८०।०३।०८

गाउँ सभाबाट पारित मितिः २०८०।०३।०८

गाउँ सभाका सदस्यज्यूहरु,

यस गरिमामय सभामा लुङ्ग्री गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत विभिन्न राजनीतिक दल, संघ, संगठन तथा संस्था एवं सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका महान जनयुद्ध, ऐतिहासिक जनआन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। वेपत्ता योद्धाप्रति सम्मान व्यक्त गर्दछु साथै शहीद परिवारप्रति समवेदना व्यक्त गर्दै घाइते, अशक्त अपाङ्गहरूको स्वास्थ्य लाभको कामना गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने, कृषि तथा पशुपालन क्षेत्रको विकास मार्फत आर्थिकृत समृद्धि हासिल गर्ने र योजनावद्ध विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

**(ख) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि )**

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा

युवालाइ देश भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ । साथै गाउँपालिकामा रहेको कर्मचारी अभावका कारण सेवा प्रवाहमा परेको प्रभावलाई समेत मध्येनजर गर्दै सीमित कर्मचारीबाट सेवा प्रवाहमा अवरोध नहुनेगरी अगाडी बढ्नुपर्ने अवस्था रहेको छ।

## (ग) विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।
७. गाउँपालिकाले कृषि तथा पशु विकासमा गरेको लगानीका कारण रोजगारी सिर्जनाको अवसर रहनु।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।

७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९. भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१०. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

११. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

१२. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

**१३.** प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगाबालुवा ,गिट्टी ,) को मापदण्ड अबलम्बन नगरि भएको उपभोगलाई नियमन गर्नु ।

**१४.** नागरिकलाई सहज र सरल सेवा प्रवाहको अनुभूती गराउनु।

**१५.** अन्धविश्वास र रुढीवादी प्रथा तथा प्रचलन अन्त्य गरी सामाजिक चेतना अभिवृद्धि गर्दै सकारात्मक सोचको विकास गर्नु ।

**१६.** भौगोलिक विकताको कारण आम नागरिकलाई सार्वजनिक सेवा तथा सुविधा सहज रुपमा उपलब्ध गराउनु ।

**(घ) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि)**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको

इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई निर्माण गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

### (ङ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि

**भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी**

**सडक यातायातः**

यस गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेकोछ। गाउँपालिकाले विभिन्न वस्ती र सम्भावित पर्यटकीय क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार निर्माणमा जोड दिएकोछ। गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचमा थप सुदृढ भएकोछ । नयाँ सडक निर्माण भन्दा सडक सुधारतर्फ लगानी बढ्दै गएको अवस्था छ। सुनिलस्मृति गाउँपालिकाबाट नम्जासम्म तथा बडाचौर गुम्चाल हुँदै छहरेखुङसम्म संघीय सरकारको लगानीमा पक्की सडक निर्माणको कार्य भइरहेको छ। साथै दोमइदेखि गाउँपालिका सम्मको सडकको प्रदेश सरकारको लगानीमा पक्की सडक निर्माणको कार्य भई गाउँपालिकामा सहज यातायातको पहुँच अभिवृद्धि भएको छ। चालु आर्थिक वर्षमा यातायात पूर्वाधार निर्माण तथा सम्भारमा २ करोड ४० लाख लगानी भएको छ।

**सिंचाइः**

गाउँपालिकाका अधिकांश खेतियोग्य जमिनहरूमा सिंचाइ सुविधा सुनिश्चित गर्न थप सिचाइ संरचनाहरूको निर्माण भएकोछ। यसबाट किसानहरूलाई बाह्रै महिना सिचाइ सुविधा प्राप्त गर्ने अवस्थाको सिर्जना भइ कृषि उत्पादकत्वमा बढोत्तरी हुने देखिन्छ। चालु आर्थिक वर्षमा जलस्रोत तथा सिचाइतर्फ ८५ लाख ५० हजार बजेट विनियोजन भई विभिन्न वडामा सिचाइ कुलोको निर्माण तथा मर्मत भएको छ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी**

गाउँपालिका विभिन्न १३ वटा स्थानमा सामुदायिक स्थास्थ्य इकाइको स्थापना भएको छ। जसबाट गाउँपालिकाका नागरिकको आधारभूत स्वास्थ्य सेवा पाउने अधिकारको प्रत्याभुती भएको छ। कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवाका विधिध क्षेत्रमा सूचना प्रविधिको प्रयोग बढ्दै गएकोछ।

विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ। युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि विभिन्न केही केही स्थानमा खेलकुद मैदान निर्माण भएका छन। नागरिकहरूको आवासको हक सुनिश्चित गर्न फुसको छाना भएका घर परिवारको लागि निःशुल्क जस्तापाता वितरण गरी विभिन्न वडामा रहेका फुसको छानाहरू विस्थापनको कार्य भइरहेको छ।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएका उपलब्धी**

कृषि सहकारीसंस्थालाइ ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएकोछ। हेफर प्रोजेक्ट नेपालसँगको साझेदारीमा कृषि तथा पशु विकासमा आधारित साझेदारी कार्यक्रममार्फत पशुपालन व्यवसाय तथा कृषि उत्पादनका विभिन्न कार्यक्रम संचालन भइरहेको छ। यस गाउँपालिकाको कृषि तथा पशु विकास शाखामार्फत समेत निःशुल्क भेटेनरी औषधि वितरण तथा कृषि विउ विजन वितरणको कार्य भइरहेको छ। गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्ध्दन गर्न भौतिक पूर्वाधारको निर्माण तथा संरक्षणको कार्य भएकोछ । रोजगारी सृजना गर्न गाउँपालिकाबाट विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएकोछ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचीकृत ९८ जना बेरोजगारलाई न्यूनतम १०० दिनको रोजगारी सुनिश्चित गरिएको छ। वडा नं ६ को थामलेखको निर्माणाधीन मन्दिरमा गाउँपालिकाले समेत थप लगानी गरी निर्माण कार्य भइरहेको छ। चालु आर्थिक वर्षमा संघ प्रदेश र स्थानीय तहको संयुक्त रुपमा आर्थिक विकासको क्षेत्रमा रु २७ करोड ८२ लाख बराबरको योजना कार्यान्वयन भएको छ।

**सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजनिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी**

गाउँपालिकाले चालु आर्थिक वर्षमा ८ वटा ऐन, २ वटा नियमावली र २० वटा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ। गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी उक्त प्रतिवेदन आगामी आर्थिक वर्षमा नै कार्यान्वयनमा ल्याउनेगरी कार्य भएको छ। यस गाउँपालिकाले गत आ.व. २०७८।७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ६४.२५ अंक प्राप्त गरेको छ । सो भन्दा अघिल्लो आ व मा उक्त अंक ४१ रहेको थियो। यसबाट गाउँपालिकाको संस्थागत सुशासनमा अभिवृद्धि हुँदै गएको देखिन्छ। चालु आर्थिक वर्षमा सुशासन तथा संस्थागत विकासको क्षेत्रमा ९५ लाख विनियोजन भएको थियो।

## (च) आगामी आ.व. २०८०।८१ को प्रमुख नीति तथा कार्यक्रमहरू

सभा सदस्यज्यूहरू,
अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

# १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

## क. शिक्षा

१. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

२. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

३. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

४. गाउँपालिकाका सबै सामुदायिक विद्यालयका प्रधानाध्यापकसँग गरेको कार्यसम्पादनको मूल्याङ्कनको आधारमा उत्कृट प्रधानाध्यापक घोषणा तथा सम्मान गरिनेछ। कार्यसम्पादन करार सबै शिक्षहरूले समेत गर्नेगरी व्यवस्था मिलाइनेछ।

५. सबै सामुदायिक विद्यालयको कक्षा ५ को परीक्षा वडास्तरीय परीक्षाको रुपमा संचालन गर्ने व्यवस्था मिलाइनेछ।

६. विद्यार्थी नतिजा मूल्याङ्कनको आधारमा वडाको उत्कृष्ट विल्यालय र गाउँपालिकाको उत्कृष्ट विद्यालय घोषणा गरी कार्यसम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था मिलाइनेछ।

७. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

८. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

९. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

१०. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

११. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१२. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१३. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

१४. विद्यालयको शैक्षिक गुणस्तर बारेमा विद्यालयको समग्र प्रगति बारेमा अर्धवार्षिक रुपमा सार्वजनिक सुनुवाइ गर्ने व्यवस्था कार्यान्वयन गरिनेछ।

१५. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अभिभावक शिक्षामा विषेश जोड दिइनेछ।

*१६. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्याविधक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लाई प्रभावकारी रुपमा लागु गर्ने नीति अवलम्बन गरिनेछ।*

**ख. कला, संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिकाका महत्वपूर्ण सांस्कृतिक सम्पदाहरूको पहिचान तथा संरक्षण गरिनेछ।

२. गाउँपालिका भित्र आयोजना हुने विभिन्न कार्यक्रमहरूमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

३. कला, संस्कृति तथा साहित्य संरक्षणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

४. विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ। सांस्कृतिक महत्व नभएका, विकृति विसंगतीलाई प्रश्रय दिने, सामाजिक असुरक्षा बढाउने संस्कार, सस्कृति एवं रीति रिवाजलाई सुधार गर्ने अधिकतम् प्रयास गरिनेछ।

**ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

३. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

४. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

५. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

६. विपन्न, गरिब र दलित परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

७. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

## ग१. प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धी नीति

१. आ.व. २०८०/०८१ देखि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा पालिकाको लागत साझेदारी कायम गरिनेछ । वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रबर्धन र भौतिक पुर्वाधारको समेत विकास गरिनेछ । त्यस्तै पालिका स्तरीय र वडा स्तरीय आयोजनामा समेत रोजगार सेवाकेन्द्र मार्फत श्रमिकको आपुर्ति गरिनेछ। यस्तो साझेदारीमा आवश्यक कार्यविधी बनाएर श्रमिकको ज्याला खर्च प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत र अन्य निर्माण सामग्री तर्फको खर्च पालिका तथा वडा स्तरबाट योगदान हुनेछ ।

२. वैदेशिक रोजगारीबाट फर्किएकालाई उनीहरुको सीप र क्षमताको स्थानीय स्तरमै प्रयोग गर्न आवश्यक नीति बनाएर समन्वय गरिनेछ ।

३. स्थानिय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ । बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणलीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ । पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ ।

४. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वन गरिनेछ ।

५. संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ । गरिवी न्यूनीकरण तथा रोजगारीका अवसरमा वृद्धि गर्न पहलकदमी चालिनेछ।

६. स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरि श्रममूलक योजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभूति गराइने छ ।

७. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्दन गर्न आवश्यक सिपमुलक पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ ।

८. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसँग सहकारी र समन्वयमा जोड दिईनेछ । 'युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संग्लग्न स्थानीय युवा उद्दमीहरुलाई प्रोत्साहित गरिनेछ ।

९. रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाइने छ । पालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिने छ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।

५. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

६. हिंसा पिडित महिला तथा बालबालिकाको लागि संरक्षणको लागि विशेष जोड दिइनेछ।

७. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

८. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

९. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

१०. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

११. हरेक वडामा एउटा बाल उद्यान निर्माण गर्ने नीति लिइनेछ।

१२. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

१३. गाउँपालिकाका सबै वडालाई बालमैत्री वडा घोषणा गर्न आवश्यक कार्य गरिनेछ।

१४. हालसम्म वितरण भएका अपाङ्ग परिचयपत्रको अनुगमन गरी पुनरावलोकन गरिनेछ। नयाँ परिचयपत्र वितरण कार्यलाई विशेषज्ञ सहितको घुम्ती शिविरमार्पत सहजीकरण गरिनेछ।

१५. बाल विवाह न्यूनीकरण गर्न बाल विवाह न्यूनीकरण रणनीतिक योजना तयार गरी कार्यान्वयन गरिनेछ।

१६. बैंक सम्म उपस्थित हुन नसक्ने सामाजिक सुरक्षा भत्ताका लाभग्राहीलाई सम्बन्धित टोल बस्तीमा नै सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैंकसँग समन्वय गरी वितरण कार्यलाई निरन्तरता दिइनेछ।

१७. अपाङ्ग, अशक्त तथा फरक क्षमता भएका व्यक्तिहरूको लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१८. जातीय तथा अन्य आधारमा हुने छुवाछुत अन्त्यका लागि विशेष पहल गरिनेछ। छुवाछुतजन्य कार्यलाई कानूनी कारवाहीको दायरमा ल्याइनेछ।

## ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिकाक्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।

२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको घुम्ति शिविरमार्फत निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइन प्रयत्न गरिनेछ।

३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्थामा जोड दिइनेछ।

४. बर्थिङ्ग सेन्टर र स्वास्थ चौकीहरुको सेवाको स्तरोन्नति गर्न कार्यक्रम संचालन गरिनेछ।

५. आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान सहुलियतपूर्ण एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

६. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

७. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ।

८. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

९. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

१०. सीमान्तकृत, गरीव, द्वन्द्वपीडित, शहीद परिवार तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

११. स्वास्थ चौकीहरुमा गुणस्तरीय ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।

१२. स्वास्थ्य संस्थाहरूमा रिक्त स्थायी दरबन्दीमा स्थायी पदपूर्ती गरिनेछ।

१३. स्वास्थ्य संस्थाहरूमा कार्यरत करार कर्मचारीहरूको कार्य जिम्मेवारी अनुसार सेवा सुविधामा एकरुपता कायम गरिनेछ।

१४. गाउँपालिकाका स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकी स्थानीय स्वास्थ्य संस्थाको सिफारिसमा अन्यन्त्र रिफर हुने सुत्केरीको लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।

१५. स्वास्थ्य संस्थाहरूको भौतिक संरचना निर्माणलाई विशेष प्राथमिकतामा राखिनेछ।

१६. गाउँपालिकाको १५ शैया अस्पताल निर्माणमा रहेका समस्या समाधान गरी निर्माण कार्यको प्रारम्भ गरिनेछ।

## ङ१. बहुक्षेत्रीय पोषण सम्बन्धी नीति

१. यस गाउँपालिका मा रहेका महिला, बालबालिका र किशोरीहरुमा हुने सबै प्रकारको कुपोषणको अवस्था घटाउन बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप विस्तार गरिनेछ ।विपन्न वर्ग तथा सीमान्तकृत समुदायमा विशेष प्याकेजका कार्यक्रम सहित बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइने छ।
२. बालबालिकामा देखिने कुपोषणलाई अन्य गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमका साथै अन्य स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई एकीकृत गरी कार्यान्वयन गरिनेछ।
३. शिशु तथा बाल्यकालीन पोषणमा स्तनपान, पूरक खाना, स्याहारव्यवहार—सुसारसम्बन्धी बानी—, सरसफाइ, स्वच्छता, खाद्य सुरक्षा, संक्रमणको अवस्थामा समुचित उपचारजस्ता विषयहरूलाई एकीकृत रूपमा सम्बोधन हुनेगरी सुनौला हजार दिन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

*२.१ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वियनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।*

*२.२ उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय* ***आर्थिक विकास सम्वाद मञ्च*** *गठन गर्नेछ ।*

### *२.३* उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउंपालिका उद्योग वाणिज्य संघ साझेदारीको नीति लिइनेछ।औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।
२. स्थानीय उत्पादनमा आधारित उद्योग स्थापनाको अध्ययन गरी निर्माणमा जोड दिइनेछ।
३. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।
४. व्यापार व्यवसाय दर्ता कार्यलाई घुम्ति शिविरमार्फत सरलीकृत गरिनेछ।
५. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।
६. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।
७. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

८. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।
९. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन प्रचार प्रचार गरिनेछ।
१०. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न वोर्ड राखिनेछ। गाउँपालिका प्रवेश विन्दुहरुमा स्वागत बोर्ड तथा शहिद गेट निर्माण गरिनेछ।
११. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।
१२. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गरिनेछ।

**क. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।
२. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ।
३. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।
४. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क संकलनका लागि आधार निर्माण गरिनेछ।
५. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माणको अध्ययन तथा निर्माण गरिनेछ।
६. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।
७. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, करार खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।
८. प्रत्येक वडामा उत्कृष्ट कृषि कार्य गर्ने कृषकलाई सम्मान तथा पुरस्कारको व्यवस्था मिलाइनेछ।
९. एक वडा एक कृषि तथा पशु प्राविधिक कर्मचारीको व्यवस्था गरिनेछ।
१०. कृषि पेशालाई सम्मानित पेशाको रुपमा स्थापना गर्न आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
११. आर्थिक वर्ष २०७९।८० मा स्थापना भएका तरकारी पकेट क्षेत्र तथा बाख्रा पकेट क्षेत्रमा थप लगानी गरी कार्यक्रमको विस्तार गरिनेछ।
१२. पशुपालन व्यवसायलाई प्रोत्साहन गरी दुधजन्य खाद्यपदार्थ तथा मासु उत्पादनमा जोड दिइ गाउँपालिकालाई आत्मनिर्भर बनाउदै निर्यातमा प्रोत्साहन गरिनेछ।

१३. कृतिम गर्भाधान मिसन कार्यक्रम मार्फत पशुपालन व्यवसायलाई थप उन्नत र उत्पादनशील बनाइनेछ।

**ख. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

३. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

४. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

**ग. उपभोक्ता हित संरक्षण सम्बन्धी नीति**

१. गाउँपालिकाको उपयुक्त स्थानमा सुपल मूल्य पसल सञ्चालनको सम्भाव्यता अध्ययन गरी सुपथ मूल्य पसल सञ्चालनमा ल्याइनेछ।

२. मदिरा उत्पादन, विक्री वितरण र सेवनलाई निश्चित आधार र मापदण्डको दायरमा ल्याइनेछ। आयातित मदिरालाई निस्त्रीय र निरुत्साहित गरिनेछ।

३. सुर्ती, चुरोट खैनी गुट्खा जस्ता सुर्तीजन्य बस्तुको विक्रि गर्ने पसललाई अतिरिक्त कर तिर्नुपर्ने व्यवस्था गरिनेछ।

४. नियमित बजार अनुगमनको कार्य सञ्चालन गरिनेछ।

**३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम**

१. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

२. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

३. सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीको कार्यान्वयनलाई विशेष जोड दिइनेछ।

४. गाउँपालिकाको सूचनामा आम नागरिको पहुँच स्थापित गर्न सम्भाव्य सबै सञ्चारको माध्यमको प्रयोग गरिनेछ।

५. गाउँपालिकाका सम्भाव्य स्थानमा फ्रि वाइ फाइ जोन स्थापना गर्ने नीति लिइनेछ।

**४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभा तथा कार्यपालिकाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।
५. न्यायिक निरुपणमा मेलमिलाप कार्यलाई प्रोत्साहन गर्न गाउँपालिकामा मेलमिलाप कर्ताको सूचीकृत गरी मेलमिलाप कार्यको अभ्यास गरिनेछ।
६. प्रत्येक वडामा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गर्ने नीति लिइनेछ।

**५. सुशासन , सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।
२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ।
३. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
४. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।
५. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ ।
६. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयरमा आधारित बनाइ कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।
७. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन “हाम्रो गाउँपालिका” नामक मोबाइल एप्स निर्माण गरि वडापत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने नीतिलाई अबलम्बन गरिनेछ ।
८. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँ तथा कार्यालय तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।
९. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।
१०. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।
११. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

**६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

**क. खानेपानी तथा सरसफाई**

१. खानेपानीको समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको सहज वितरणको ब्यवस्था मिलाइनेछ ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।
३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।
४. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।
५. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।
६. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।
७. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गर्न अधिकतम प्रयास गरिने छ।
८. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।
९. एक घर एक धाराको नीति अवलम्बन गर्दै खानेपानीमा सबै गाउँपालिका बासीको पहुँच स्थापित गरिनेछ।

**ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।
२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।
४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।
५. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

६. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

७. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

८. फोहोर मैलाको व्यवस्थापन गर्न सम्भाव्य स्थानमा पूर्वाधारको निर्माण गरिनेछ।

९. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१०. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

११. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

१२. विपद्मा परेका परिवारको तत्काल राहत उद्धारको लागि पूर्व तयारी गरिनेछ।

## १३. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

१. आवधिक योजना, आवास योजना र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

४. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजनालाई कार्यान्वयनमा ल्याइनेछ।

५. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

६. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

७. सबै वडामा एउटा वडाको गौरवको आयोजना पहिचान गरी कार्यान्वयनमा ल्याइनेछ।

८. गाउँपालिकाको प्रशासकीय भवन निर्माण, वडा नं ५ को वडा कार्यालय भवन र अन्य अधुरा भवनहरूको निर्माण सम्पन्न गरिनेछ।

९. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

१०.नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक कानून तथा मापदण्डको पालना एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरू निर्माण गरी कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई कार्यान्वयन गरिनेछ।

११.गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

१२.गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१३. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१४."एक वडा-एक पार्क" निर्माण नीतिलाई प्राथमिकता दिइनेछ।

१५.गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गर्न पहल गरिनेछ।

१६.गाउँपालिकामा निर्माण भएका पक्की घरहरुको अभिलेखीकरण कार्य सम्पन्न गरी नयाँ घर निर्माण गर्दा अनुमति लिनुपर्ने व्यवस्थाको सुरुवात गरिनेछ।

१७.गाउँपालिकाका मुख्य मुख्य सडकहरु नियमित सञ्चालनमा ल्याउन मर्मत सम्भारकर्ता खटाइ मर्मतको व्यवस्था मिलाइनेछ।

## ७. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन गरी गाउँपालिकाको आयआर्जन अभिवृद्धि गरिनेछ।

६. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

७. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट गाउँपालिकाको समग्र विकासमा टेवा पुग्ने अपेक्षा लिएको छु। प्रस्तुत नीति तथा कार्यक्रम तयार पार्नमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने सम्पूर्ण जनप्रतिनिधीहरू, पूर्व जनप्रतिनिधीहरू, राजनीतिक दलहरू, कर्मचारीहरू, शिक्षक, बुद्धिजीवी, आम नागरिक, सुरक्षाकर्मी, पत्रकार, गैरसरकारी संघसंस्थाहरू लगायत सम्पूर्णमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

**धन्यवाद ।**

**भरत कुमार थापा**

**अध्यक्ष**